**प्रस्तावः मिति २०७७/१०/११ गते आइतबार, ९७ औ कार्यपालिका बैठक**

१. नगर स्थापना दिवस सम्वन्धमा
२. चोक नामाकरण सम्वन्धमा
३. पूर्व पश्चिम लोकमार्गमा पुनर्ताजगी केन्द्र (Refresh Centre) को लागि स्थान छनौट सम्वन्धमा
४. आर्थिक सहयोग सम्वन्धमा
५. तराई- मधेश समृद्धि कार्यक्रम सम्वन्धमा
६. रिक्त पदपूर्ति सम्वन्धमा

**निर्णय नं.१:**

२०७७ साल माघ १५ गते नगरपालिकाको स्थापना दिवसको अवसरमा विभिन्न सम्मान कार्यक्रम गरि स्थापना दिवसलाई भव्य रुपमा सम्पन्न गर्ने।

**निर्णय नं. २:**

घोराही उपमहानगरपालिका वडा नं. १५ स्थित सिटि प्लाजा होटेलनेरको चोकमा श्री नेत्रलाल अभागीज्यूको पूर्णकदको शालिक राखी नेत्रलाल चोक नामाकरण गर्ने।

**निर्णय नं. ३:**

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय दाङको मिति २०७७/१०/०५ गतेको पत्र एवं संलग्न भैतिक पूर्वाधार विकास मन्त्रालय मुकामः बुटवलको प्राप्त पत्रानुसार आ.व. २०७७/०७८को प्रदेश सरकारको नीति अनुसार तराईका ६ जिल्लाका स्थानहरु मध्ये अर्जुनखोला-घोराही-तुलसीपुर खण्ड दाङको लोकमार्गमा आवत-जावत गर्ने यात्रु तथा सवारी चालकहरुको सुविधाका लागि पुनर्ताजगी केन्द्र (refresh centre) निर्माण गर्न मापदण्ड अनुसार घोराही उपमहानगरपालिका वडा नं. १०, नारायणपुर स्थित सिद्धरत्ननाथ मा.वि.को नाममा रहेको घोराही- तुलसीपुर सडक खण्डको उत्तरतर्फको जग्गा उपयुक्त भएको हुँदा सो स्थानमा पुनर्ताजगी केन्द्र निर्माणका लागि छनौट गर्ने ।

**निर्णय नं. ४:**

घोराही उपमहानगरपालिकामा निम्न व्यक्ति एवं संस्थाबाट तपशिल बमोजिमका कार्यक्रमका लागि आर्थिक सहयोग माग भै आएको हुँदा देहाए अनुसार आर्थिक सहयोग निम्न शिर्षकबाट दिने ।

| क्र.स. | संस्थाको नाम | सहयोग रकम रु | भुक्तानी शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १. | चैनु चौधरी (उपचार खर्च) | १०००००।०० | अन्य सहायता | |
| २. | फ्लिम क्रु नेपाल( FLIM CREW NEPAL)(घोराही उपमहानगरपालिका अन्तर्गतका महत्वपूर्ण पर्यटकीय क्षेत्रका तस्विरहरु संकलन, छपाई, फ्रेम) | २०००००।०० | अन्य संस्था सहायता | |
| ३. | तुलसीराम पुन घोराही-५,बसेरी (उपचार खर्च) | १०००० | अन्य सहायता | |

**निर्णय नं. ५:**

तराई मधेश समृद्धि कार्यक्रम, समन्वय इकाईको मिति २०७७/०९/२८ गते प्रकाशित आयोजना/ कार्यक्रम माग/प्रस्ताव पेश गर्ने सम्वन्धी सूचना अनुसार आगामी आ.व.०७८/०७९ का लागि यस उपमहानगरपालिकामा तपशिल बमोजिमका आयोजना संचालन गर्न तराई मधेश समृद्धि कार्यक्रम संचालन निर्देशिका, २०७७ अनुसूची -३ अनुसार तपशिल बमोजिमका योजना प्राथमिकताक्रम निर्धारण गरी माग गर्ने।

तपशिलः

१. घोराही उपमहानगरपालिका वडा नं. २, बुका विद्यालय कभर्ड हल निर्माण
२. घोराही उपमहानगरपालिका वडा नं. २, सोरेठी प्रा.वि. भवन निर्माण
३. घोराही उपमहानगरपालिका वडा नं. १, हेक्राम-ठाटीकोट खानेपानी निर्माण
४. घोराही उपमहानगरपालिका वडा नं. १९ श्री बालहित प्रा.वि. भवन निर्माण
५.घोराही उपमहानगरपालिका वडा नं. १८ रझेना सामुदायिक भवन निर्माण
६. घोराही उपमहानगरपालिका वडा नं. १२, खुङखोला खानेपानी निर्माण
७. घोराही उपमहानगरपालिका वडा नं. १७, स्वास्थ्य चौकी पूर्वाधार निर्माण

**निर्णय नं. ६:**

प्रदेश लोकसेवा आयोग लुम्बिनी प्रदेश मुकाम बुटवलको मिति २०७७।९।१९ को च.नं. २३० को पत्र अनुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५।०९।१५ च.नं. २१५ को पत्रबाट संगठन संरचना दरवन्दी तेरिज स्वीकृत भए अनुसार यस घोराही उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय दाङमा रिक्त रहेका देहाय बमोजिमका तह, सेवा समूहहरूको पदसंख्या पदपूर्तिका लागि माग आकृति फाराम प्रदेश लोकसेवा आयोग लुम्बिनी प्रदेश मुकाम बुटवलमा पठाउने निर्णय गरियो ।

| क्र.सं. | पद | तह | सेवा समूह | रिक्त दरवन्दी संख्या |
|---|---|---|---|---|
| १ | अधिकृत | नवौं दशौं | प्रशासन, सामान्य प्रशासन | ५ |
| २ | अधिकृत | नवौं दशौं | प्रशासन लेखा | १ |
| ३ | इन्जिनियर | नवौं दशौं | इन्जि, सिभिल | १ |
| ४ | प्रमुख महिला विकास अधिकृत | नवौं दशौं | विविध | १ |
| ५ | अधिकृत | नवौं दशौं | कृषि | १ |
| ६ | अधिकृत | नवौं दशौं | कृषि, लापोडेडे | १ |
| ७ | अधिकृत | सातौं, आठौं | कृषि, मत्स्य | १ |
| ८ | अधिकृत | सातौं, आठौं | प्रशासन, सामान्य प्रशासन | १० |
| ९ | आलेप अधिकृत | सातौं आठौं | प्रशासन लेखा | १ |
| १० | इन्जिनियर | सातौं आठौं | इन्जि सिभिल, वि.एण्ड आर्क | २ |
| ११ | इन्जिनियर | सातौं आठौं | इन्जि, सिभिल | ४ |
| १२ | नापी अधिकृत | सातौं आठौं | इन्जि, सर्भे | १ |

| | | | | |
|---|---|---|---|---|
| १३ | पशु चिकित्सक | सातौं आठौं | कृषि, भेट | १ |
| १४ | अधिकृत | सातौं, आठौं | न्याय, कानून | १ |
| १५ | कम्प्युटर इन्जिनियर | सातौं, आठौं | विविध | १ |
| १६ | महिला विकास अधिकृत | सातौं आठौं | विविध | १ |
| १७ | वातावरण निरिक्षक | सातौं आठौं | विविध | १ |
| १८ | वातावरण इन्जिनियर | सातौं आठौं | विविध | १ |
| १९ | अधिकृत | छैंटौं | प्रशासन, सामान्य प्रशासन | १३ |
| २० | अधिकृत | छैंटौं | प्रशासन लेखा | १ |
| २१ | इन्जिनियर | छैंटौं | इन्जि, सिभिल | १९ |
| २२ | कम्प्युटर अधिकृत | छैंटौं | विविध | १ |
| २३ | सहायक | पाFचौ | न्याय, कानून | १ |
| २४ | तथ्यांक सहायक | पाFचौ | आ. यो. त. | १ |
| २५ | सर्वेक्षक | पाFचौ | इन्जि, सर्भे | १ |
| २६ | सव_इन्जिनियर | पाFचौ | इन्जि, सिभिल | १८ |
| २७ | सहायक | पाFचौ | प्रशासन, लेखा | १८ |
| २८ | आलेप सहायक | पाFचौ | प्रशासन, लेखा | १ |
| २९ | अमिन | चौथो | इन्जि, सर्भे | १७ |
| ३० | असिष्टेन्ट सव इन्जिनियर | चौथो | इन्जि, सिभिल | १७ |